☏ ९८५२०८२३३३
✉ arunrmun@gmail.com
https://arunmun.gov.np/

# अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्या: २०८२/८३
चलानी संख्या:

नेपाल संवत्: ११४५
मिति:२०८२/०७/०२

**विषयः रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री यो जो जससँग सम्बन्धित छ ।**

भोजपुर जिल्ला अरुण गाउँपालिका अन्तर्गत श्री महंकाली आधारभूत विद्यालय अरुण गा.पा.-१भालेढुंगा, भोजपुरमा रिक्त रहेको **प्राथमिक तह तृतीय श्रेणीको** शिक्षक पदमा सरुवाको प्रकृया अगाडि बढाइदिन भनी विद्यालयको च.नं. १० मिति २०८२/०७/०२ को पत्रबाट अनुरोध भइ आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

*पुनश्चः*

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना **mahangkali@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ । (सम्पर्क नं.९८४२१८१७९९)

२.म्याद नाघि वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएको निवेदन माथि कुनै कारवाही हुने छैन ।

(जितमान जिमी)
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री शिक्षा विकास तथा समन्वय इकाइ भोजपुर ।

श्री महंकाली आधारभूत विद्यालय अरुण गा.पा.-१ भालेढुंगा, भोजपुर।